# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल


प.सं. :- २०८१/०८२
च.नं. :-

**व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस नगरपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ को उपदफा (३) बमोजिम हालसम्म नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेसा वा त्यस्तै अन्य प्रकृतिका व्यवसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिनभित्र देहायका विवरण तथा कागजात संलग्न राखी नगरपालिकाको कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको म्यादभित्र निवेदन पेस नगरी सञ्चालन हुने व्यवसायलाई नगरपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८१ को दफा १६ बमोजिम तथा सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यवसाय बन्दको कारबाही समेत चलाउन सकिनेछ।

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,
(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
(घ) व्यवसाय सञ्चालन रहेको अवधि खुल्ने कागजातहरु (घरभाडा, पानी बिजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य त्यस्तै कागजात),
(ङ) व्यवसाय सञ्चालन गर्ने स्थानको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि/ आफ्नो नाममा घर जग्गा नभएको भए कम्तिमा २ वर्षको बहाल सम्झौता/ बसोबास प्रमाणित हुने कागजात,
(च) सञ्चालकको २ प्रति पासपोर्ट साइजको फोटो,
(छ) सर्जिमिन मुचुल्का वडाका जनप्रतिनिधिको रोहबरमा।

प्रमुख प्रशासकीय अधिकृत
मितिः- २०८१/०८/२०


फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८,gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np

"स्वच्छ,सुन्दर घर, गाउँ, शहर, विकास र समृद्धि धर्मदेवीको रहर"